लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. :-०७९/०८०
च.नं.:-
Email– (laxminiyamun@gmail.com)

**वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (रेमी) परियोजनाका लागी आवश्यक जनशक्तिहरु करारमा पदपूर्ती गर्ने सम्वन्धमा सुचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२९)

वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तीको पुन: एकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्फौता अर्न्तगत संचालित छ। यस रेमी परियोजना अन्तर्गत लक्ष्मीनियाँ गाउँपालिका वैदेशिक रोजगारवाट फर्किएका व्यक्तीहरुको सामाजिक र आर्थिक पुन:एकीकरण सम्वन्धि क्रियाकलापहरु संचालन गर्नका लागी निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकाहरुवाट तल उल्लेखित पदका लागि १५ (पन्द्र) दिनभित्र माग वमोजिमका विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | पद | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | परिवार परामर्शकर्ता | छैठौं तह | १ (एक) | -मान्यता प्राप्त शैक्षिक संस्थावाट मनोविज्ञान, समाजशास्व, सोसियल वर्क,पब्लिक हेल्थ वि.एड.स्वास्थय शिक्षामा स्नातक तह उर्त्तिण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तिर्ण गरी मनोसमाजिक परामर्स सम्वन्धी कम्तिममा ६ महिनाको तालिम प्राप्त गरेको।<br>-सम्वन्धीत विषयमा कार्य अनुभव भएको, स्थानिय भाषामा दखल भएको र स्थानिय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | रोजगार परामर्शकर्ता | छैठौं तह | १ (एक) | -मान्यता प्राप्त शैक्षीक संस्थावाट स्नातक तह उत्तिर्ण गरी व्यवसायिक परामर्श कार्य वा उधम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तीमा १ वर्ष कार्य गरेको।<br>-वैदेशिक रोजगारवाट फर्केको, स्थानीय भाषामा दखल भएको स्थानीय वासिन्दालाई प्राथमिकता। |
| ३ | समाजिक परिचालक | पाँचौ तह | २ (दुई) (१ (एक) महिला अनिवार्य) | -मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तिर्ण गरी वैदेशिक रोजगारीवाट फर्केको<br>-स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता। |

(१).कार्य अवधी : हाललाई आ.व.२०७९/०८० को मसान्त सम्म प्ररियोजनाको आवश्यक्ता तथा कार्य सम्पादन अनुसार नविकरण हुने सकिने छ।

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लक्ष्मीनियाँ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. :-०७९/०८०
च.नं.:-

Email– (laxminiyamun@gmail.com)

**(२).परिक्षाको किसिम :** लिखित, अन्तर्वाता (छनौट परिक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुन : एकिकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन)

(३).आवश्यक कागजातहरु र दस्तखत दिने स्थान :माथी उल्लेखित योग्यता पुगेका इच्छकु नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तीको नाम र सम्पर्क फोन नं. सहितको व्यक्तीगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साईजको तिन प्रति फोटो, परिवार परामर्शकर्ताको हकमा छ महिनाको तालिम प्रमाणपत्र, रोजगार परामर्शकर्ताको हकमा उधम विकास सहजकर्ता लेभल २ उतिर्ण गरेको प्रमाणको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित लक्ष्मीनियाँ गाउँपालिका कार्यालयमा कार्यालयको समय भित्र पेश गर्नु पर्ने छ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रकृयामा समावेश गरीने छैन ।

(४).उमेर को हद -परिवार परामर्शकर्ता, रोजगार परामर्शकता र समाजिक परिचालक को हकमा :-दस्तखत दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भएको ।

(५). परिक्षा दस्तुर
-परिवार परामर्शकर्ता र रोजगार परामर्शकताको हकमा :- १०००।- (एक हजार मात्र) ।
-समाजिक परिचालनको हकमा :-५००।- पाच सय मात्र ।
(परिक्षा वापतको दस्तुर यस गाउँपालिका प्रशासन शाखावाट आवश्यक कागजात रुजु गराए पश्चात यस गाउँपालिकाको राजश्व शाखावाट दस्तुर बुझउनु पर्ने छ ।)

(६)छनौट प्रकृया :प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्ता परिक्षामा समावेश गरिनेछ । अवसरवाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समेवेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ ।

**(७).दस्तखत दिने अन्तिम मिति** २०८०/०३/११ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोली पल्ट निवेदन बुझाउन सकिने छ ।

**(८).दस्तखत फारम पाउने स्थान :** लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासन शाखा ।

**(९).तलव भत्ता अन्य सुविधा :** परियोजनाको नियम अनुसार हुनेछ ।

............................
नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकृत

CamScanner